# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
# १९ औं वार्षिक साधारण सभाको
# निर्णय माइन्यूट (बिवरण)

**सभा मिति : २०७३ साल असाढ ३ गते शुक्रबार ( तदनुसार जुन १७, २०१६ )**

**सभा समय : दिउंसो ३.00 बजे**

**सभा स्थान : रोयल बैन्क्वेट एण्ड रेष्टुरेन्ट,तिनकुने,कोटेश्वर,काठमाण्डौ ।**

Progressive Finance Ltd. 2031

**प्रोग्रेशिभ फाइनान्स लिमिटेडको**
**१९ औं वार्षिक साधारण सभाको**
**निर्णय माइन्युट (बिवरण)**

Progressive Finance Ltd. 2051

**१. बैधानिक सभा**

कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको १९औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मुकुन्द प्रसाद दाहालज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरि शु-सम्पन्न भयो ।

**२. सभाको मिति ,समय र स्थान :**

मिति : २०७३ साल अषाढ ३ गते शुक्रबार (तदनुसार जुन १७, २०१६)
समय : दिउंसो ३.०० बजे
स्थान : रोयल बैन्क्वैट एण्ड रेष्टुरेन्ट, तिनकुने, कोटेश्वर, काठमाण्डौं ।

**३. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुरुप यस संस्थाको आर्थिक वर्ष २०७१/०७२ को मूद्रित वार्षिक प्रतिवेदन सहित १९औं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुका साथै कम्पनीको वेइभसाईटमा समेत राखियो तथा सो को सूचना मिति २०७३/०२/१४ मा आर्थिक अभियान दैनिक र मिति २०७३/०२/२६ मा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

**४. छलफलका विषय सूची :**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको बासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७२/७३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरिक्षक श्री सुजन काफ्ले एण्ड एशोशियट्स पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
४. विविध ।

**ख. विशेष प्रस्तावहरु**

१. पूँजी संरचना परिवर्तन गर्न प्रबन्धपत्रमा संसोधन गर्ने सम्बन्धमा ।

२. वल्ड मर्चेण्ट बैंकिङ एण्ड फाईनान्स लि. लाई प्राप्ती (समाहित) गर्ने सम्बन्धमा ।

३. संचालक समितिको संरचना परिवर्तन गर्न नियमावलीमा संसोधन गर्ने सम्बन्धमा ।

४. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**५.उपस्थिति :**

**५.१ संचालक समितिका पदाधिकारीहरु :**

१. अध्यक्ष श्री मुकुन्द प्रसाद दाहाल
२. संचालक श्री सिद्धि गोपाल मानन्धर,
२. संचालक डा.खडानन्द दुलाल,
३. संचालक श्री रणदेव कृष्ण श्रेष्ठ,
४. संचालक श्री लक्ष्मण यादव

**५.२ अन्य उपस्थिति :**

१. प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री विशाल हुमागाँई,
२. नेपाल धितोपत्र वार्डका प्रतिनिधि, श्री भरत अर्याल,
३. कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, श्री खोम राज खत्री,
४. कानूनी सल्लाहकार, श्री भिमसेन बञ्जारा
५. यस वित्तीय संस्थाका व्यवस्थापन समुहका अन्य सदस्यहरु,

**५.३ शेयरधनी महानुभावहरु :**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित | : | १२५ जना |
| २. प्रतिनिधी मार्फत उपस्थित | : | २० जना |
| **जम्मा उपस्थित** | : | **१४५ जना** |

६.गणपुरक संख्या : उल्लेखित उपस्थितिका आधारमा

| विवरण | कुल संख्या | स्वयम् उपस्थित (क) र (ख) | प्रतिनिधी मार्फत (क) र (ख) | जम्मा (क+ख) | जम्मा विक्री भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | १,५५९ | १२५ जना | २० जना | १४५ जना | ७०% |
| शेयर संख्या | २०,०१,६०० | ३,४७,७३२ | १०,३७,४२४ | १३,८५,१५६ | |

## ७. सभाको बैधानिकता:

यो सभा कम्पनी ऐन २०६३ को व्यबस्था भए बमोजिम बोलाइएको र दफा ७३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा बैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडी बढाइयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन:

सभाको प्रारम्भमा यस सभाको सभापतित्व गरिदिन संचालक समितिका अध्यक्ष श्री मुकुन्द प्रसाद दाहालज्यूलाई सभा संचालकले अनुरोध गर्नु भएपछि वहाँले सभाको सभापतित्व ग्रहण गर्नु भयो तथा पानसमा दिप प्रज्वलन गरी सभाको समुद्घाटन समेत गर्नुभयो ।

## ९. उन्नाइसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती:

### ९.१ १९औं वार्षिक साधारण सभा प्रतिवेदन प्रस्तुती :-

छलफलका विषयको प्रथम प्रस्तावमा रहेको उन्नाइसौं वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्न हुन सभाका सभापतिज्यूलाई अनुरोध गरिएपछि सभाका सभापति श्री मुकुन्द प्रसाद दाहालज्यूले प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

### ९.२ लेखापरिक्षण प्रतिवेदन समेतको हिसाव प्रस्तूती

तत्पश्चात् सभापति महोदयज्यूले आ.व. २०७१/०७२ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेतको हिसाव १९ औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## १०. छलफलको लागि आव्हान :

सो वार्षिक प्रतिवेदन को प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य विषयमा आफ्ना जिज्ञासा, मन्तव्य र सकारात्मक सुझाव प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो । त्यस पछि निम्न शेयरधनी महानुभावहरुले आफ्ना जिज्ञासा तथा सुझाबहरु सभामा प्रस्तुत गर्नु भयो ।

**११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुको नाम र प्रस्तुत सुझावहरु :–**

११.१) शेयरधनी श्री उद्धव घिमिरे

११.२) शेयरधनी श्री अमृतनाथ रेग्मी

११.३) शेयरधनी श्री डम्बर बल्लभ घिमिरे

११.४) शेयरधनी श्री लवराज जोशी

११.५) शेयरधनी श्री नरसिङ लाल चख्खु

११.६) शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ

**११.१) शेयरधनी श्री उद्धव घिमिरे**

- वि.स.२०५१ मा खुलेको संस्था भएता पनि प्रतिफल केहि नपाएको ।
- हालका संचालक, अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद ।
- १६ NPA लाई घटाएर २ भन्दा कम गर्नुभएकोमा राम्रो लाग्यो ।
- बासलातमा सुधार आएको छ ।
- वर्ल्ड मर्चेण्ट फाइनान्सलाई समायोजना एक्वाएर गर्न लागेकोमा स्वागत छ ।
- नेपाल राष्ट्र बैंकले ल्याएको मौद्धिक नितीलाई आत्मसाथ गर्न लागेकोमा खुसि लागेको छ ।
- वल्ड मर्चेन्ट संगको १०० बराबर ४३ राम्रो मुल्य हो ।
- Deposit बढाउनु पऱ्यो ।
- CD Ratio maintain गर्नुपऱ्यो ।
- बासलातको अकंहरु पैसामा हटाएर रुपैयामा राख्नुपऱ्यो ।
- Table of Content राख्नुपऱ्यो, Chart हरुबाट अंक समेत जनाउनु पऱ्यो ।
- Reserve & Surplus लाई Positive मा ल्याउनु भयो तापनी बोनस दिने गरि ल्याउनु पऱ्यो ।

**११.२) शेयरधनी श्री डम्बर वल्लभ घिमिरे :**

- अध्यक्षज्यूले प्रश्ट रुपमा एजेन्डाहरु प्रस्तुत गर्नु भएकोमा खुशी लाग्यो ।
- असोज भित्र नै साधारण सभ गर्नु भएमा राम्रो हुन्थ्यो ।
- संस्थाको अवस्थामा सुधार आएकोमा खुसि लाग्यो, अझै राम्रो बनाउनेमा प्रयत्नशिल हुनुपर्छ ।

**११.३) शेयरधनी श्री अमृत नाथ रेग्मी:**

- मैले धेरै जसो critical कुरामा गर्न भएकाले कसैको expectation मा असर पर्न सक्छ ।
- संस्थापक बलियो हुनुपऱ्यो, हकप्रद शेयरमा समस्या हुदैन तर संस्थापकले हाल्नेमा समस्या हुन सक्छ ।
- Off Balance item बाट पनि कमाउनु पर्छ ।
- कर्मचारी खर्च १ रुपैयां कमाइएमा २२ पैसा मात्र खर्च हुने गरि मिलाउनु पर्छ ।
- Each province minimum one branch हुनुपर्छ त्यसमा विचार गरियोस ।
- ५ वर्ष भित्र २ अर्वको संस्था बनाउनुपऱ्यो ।
- Corporate Confidence Develop गरे पछि Depositer पनि आउछन् Borrower पनि आउछन् ।

११.४) **शेयरधनी श्री लवराज जोशी**

- पशुपति क्षेत्र तथा कोटेश्वर महादेवस्थानको विचमा पर्ने यो पवित्र स्थलमा साधारण सभा गर्नु भएकाले अव आउने दिनमा संस्थाले उत्तम खालको प्रगति गर्छ जस्तो लागेको छ ।
- संस्था राम्रो भएन भने संचालकहरुलाई पनि अपठ्यारो पर्ने भएकाले राम्रो बनाउनुहुनेछ भन्ने लागेको छ ।
- एक समय ४२% पुगेको NPA आज २% भन्दा कममा आएको छ ।
- अध्यक्ष, संचालक, प्रमुख कार्यकारी अधिकृतले आफ्नो मर्यादा कायम राख्न योजना बनाई संस्थागत विकासमा लाग्नुपर्छ ।

११.८) **शेयरधनी श्री नरसिङ लाल चख्खु :**

- Assets Management राम्रो छ ।
- ईलेक्ट्रोनिक मिडियमबाट बैङ्किंग सुविधा तथा एटिम सुविधा राख्नु पर्‍यो ।
- धेरै कुरा अगाडीका साथीहरुले राखि सक्नुभएको हुँदा त्यस विषयमा संस्थाले मनन चिन्तन गरोस ।

११.९) **शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ :**

- कम्पनीलाई बचाउने र स्थापना गर्ने बाहेक अरु कुरा छैन ।
- १९औं वर्ष देखि गाह्रो हुदै आइ रहेकोमा मर्जर तथा Acquisition बाट तथा पूजीं बृद्धीबाट यो संस्था आफै survive हुन खोजेको देखिन्छ ।
- लेखापरिक्षक राम्रो राख्नु पर्छ ।
- लेखा परिक्षकका कारण धेरै संस्था धरासयी भएका छन् ।
- संस्थाको आयश्रोत बढाउनु पर्‍यो ।

**१२. शेयरधनी महानुभावहरुका जिज्ञासाहरुमा सभाका सभापति श्री मुकुन्द प्रसाद दाहालज्यूले जवाफ प्रस्तुत गर्नुभयो । मुख्य मुख्य जवाफहरुको प्रश्तुती निम्नानुसार छन् :**

- यस संस्थाको सम्बन्धमा सकारात्मक कूराहरु बताइ दिनू भएकोमा शेयरधनी महानूभावज्यूहरुलाई धन्यवाद ।
- संस्थाको निक्षेप र कर्जा लगानी बृद्धिमा ध्यान दिइरहेका छौं । निक्षेप योजनाहरु पनि नयाँ नयाँ लागू गर्दै गइराखेको छौं ।
- काभ्रेको उग्रतारा जनागाल गा.वि.समा पहिलो शाखा कार्यालय स्थापना गरिएको छ भने देश संघियतामा गएकाले हरेक प्रदेशमा एक/एक शाखा कार्यालय स्थापना गर्ने कुरामा गृहकार्य भई रहेको छ ।
- पूरानो कर्जा लगानीको असूलि कार्यलाई तिव्रता दिइ रहेका छौं ।
- एसएमएस सेवा संचालन गरिसकेका छौ तथा छिटै एटिएम, मोबाईल तथा ईबैंकिङ सेवा संचालन गर्न आवश्यक गृहकार्य गरेर अगाडी बढाउने छौं ।
- आवश्यक परेमा यहाँहरुकै सल्लाहा सुझाव बमोजिम राम्रो कम्पनी संग एकिकरणमा जान सकिन्छ ।

- व्यवस्थापक र संचालक समितिको सम्बन्ध अति राम्रो रहेको छ । भविष्यमा पनि अझ सुमधुर गराउदै लगिने छ ।
- मुनाफा बृद्धि गरि लाभाषं दिनको लागि संचालक समिति तथा व्यवस्थापन लागिपरेकोछ ।
- आगामी दिनहरुमा यहांहरुका सुझावहरुलाई मनन गरि सोही अनुसार कार्यान्वयन गर्नेछौ ।

## १३. उल्लेखित छलफल पछि सभाबाट सर्वसम्मतिले भएका निर्णयहरु :

**क) सामान्य प्रस्तावहरु :**

१. १९ औं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत वार्षिक प्रतिवेदनलाई पारित गरियोस् भनि सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरिक्षक प्रतिवेदन सहितको आ.व. २०७१/०७२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण छलफल पश्चात् पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

३. आ.व. २०७२/०७३ को लेखापरीक्षणको लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा छलफल हुदां सुजन काफ्ले एण्ड एसोसिएट्सका लेखापरिक्षक श्री सुजन कुमार काफ्लेलाई नियुक्त गर्ने र निजले सो कार्य गरे वापत रु.१,१०,०००/- (अक्षरेपी: एक लाख दश हजार रुपैया मात्र) (भ्याट कर बाहेक) पारिश्रमिक उपलब्ध गराउने गरी लेखापरिक्षण समितिले गरेको सिफारिस स्वीकृत गरी सोही बमोजिम लेखापरिक्षक नियुक्ति गर्ने निर्णय पारित गरियो ।

**ख) विशेष प्रस्तावहरु**

१. पूँजी संरचना परिर्वतन गर्न प्रबन्धपत्रमा निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो । अध्यक्ष, संचालक तथा कार्यकारी प्रमुख अधिकृतको नियुक्ति तथा कार्यकाल सम्बन्धमा नियमावलीमा निम्न बमोजिम शंशोधन गर्ने निर्णय पारित गरियो ।

   क. दफा ५(घ) वित्तिय संस्थाको जारी पूंजीको ४९(उनान्चास) प्रतिशत शेयर सर्वसाधारण शेयर धनीहरुलाई छुट्याइएको छ ।

   ख. ५(घ) १. संस्थापक शेयरधनीहरुलाई समूह 'क' मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ ।

   ग. ५(घ) २. सर्वसाधारणमा बिक्रि गरिने शेयरका शेयरधनीलाई समूह 'ख' मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।

२. वर्ल्ड मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि.लाई प्राप्ती (समाहित) गर्ने सम्बन्धमा संचालक समितिबाट भएको MOU अनुसार नेपाल राष्ट्र बैंक समक्ष गरिएको निवेदन लगायत हाल सम्म भएका सम्पूर्ण कार्यहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

३. संचालक समितिको संरचना परिवर्तन गर्ने सम्बन्धमा नियमावलीमा निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

१. दफा ८(२) यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ । सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

२. दफा ८(२) क संस्थापक समूहका शेयरधनीहरुबाट आपसी समझदारीमा मनोनित वा निर्वाचित तीन (३) जना ।

३. दफा ८(२) ख सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित ३(तीन) जना ।

४. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियावली,२०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र ( Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसंग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

तत्पश्चात् सौहार्दपुर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नुभएकोमा शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु लगायत सबैलाई धन्यवाद दिदैं सभाका सभापतिले उन्नाइसौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो । तत्पश्चात सभा बिसर्जन भयो ।

........................
**(विशाल हुमागांई)**
**कम्पनी सचिव**

........................
**(मुकुन्द प्रसाद दाहाल)**
**अध्यक्ष**